बैठक नं ७

मितिः २०८१।०६।०३

समयः बिहान ८:०० बजे

स्थानः कनकासुन्दरी गाँउपालिका जुम्ला

उपरोक्त मिति समयमा र स्थानमा यस कनकासुन्दरी गाँउपालिका अध्यक्ष श्री दामोदर प्रसाद आचार्य ज्यू को अध्यक्षतामा तपशिलमा उल्लेखित वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुको समेतको उपस्थितिमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरियो

**उपस्थितीहरु**

| क्र सं | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दामोदर प्रसाद आचार्य | अध्यक्ष | | |
| २ | श्री प्रेमकली बुढा | उपाध्यक्ष | | |
| ३ | श्री भिम बहादुर भण्डारी | वडा नं १ अध्यक्ष | | |
| ४ | श्री खाम्मा रावत | वडा नं २ अध्यक्ष | | |
| ५ | श्री भैर बहादुर बुढा | वडा नं ३ अध्यक्ष | | |
| ६ | श्री धनमानसिंह हमाल | वडा नं ४ अध्यक्ष | | |
| ७ | श्री बिष्णु बहादुर बडुवाल | वडा नं ५ अध्यक्ष | | |
| ८ | श्री प्रेम पछाई | वडा नं ६ अध्यक्ष | | |
| ९ | श्री तेज वहादुर जि सी | वडा नं ७ अध्यक्ष | | |
| १० | श्री धन बहादुर कामी | वडा नं ८ अध्यक्ष | | |
| ११ | बिजुली बुढा | कार्यपालिका सदस्य | | |
| १२ | श्री सुर्य बहादुर घर्ति | कार्यपालिका सदस्य | | |
| १३ | श्री चन्द्रकली बुढा | कार्यपालिका सदस्य | | |
| १४ | पदमकन्या कामी | कार्यपालिका सदस्य | | |
| १५ | जौसरा कामी | कार्यपालिका सदस्य | | |
| १६ | छैटकला सार्की | कार्यपालिका सदस्य | | |
| १७ | श्री नेत्र बहादुर खत्री | नि प्रमुख प्रशासकीय अधिकृत | | |

निर्णय नं १ कनकसुन्दरी गाँउपालिका गाँउ शिक्षा समितिको सिफारिस तथा गाँउकार्यपालिकाको आ व २०८०/८१ मा संचालन भएको अनौपचारिक शिक्षा कार्यक्रम र घरधुरी सर्भेक्षण अनुसार गाँउपालिकाको १५-६० बर्ष उमेर समुहको कुल जनसंख्या ८२८३ जना मध्ये पुरुष ४१०९ जना र महिला ३२२४ जना गरि जम्मा ७३३३ जना साक्षर भई साक्षरता प्रतिशत ९७ पुगेकाले मिति २०८१ /०६/०४ गते यस गाँउपालिकालाई साक्षर गाँउपालिका घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं २ कनकासुनदरी गाँउपालिकालाई मिति २०८१/०६/०४ गते साक्षरता गाँउपालिका घोषणा गर्ने कार्यक्रम श्री कनकासुन्दरी माध्यमिक विद्‌यालय लुड्‌कुमा संचालन गर्ने आवश्यक पर्ने सम्पूर्ण सामग्री खरिद तथा कार्यक्रम संचालन गर्ने आवश्यक पर्ने अन्य रकम संघिय सरकार वाट प्राप्त भएको रु ३,०९०००. (अक्षेरुपी रु तिन लाख) नपुग भएमा नपुग सवै रकम यस गाँउपालिकाको समपुरक कोष वाट विल भरपाईका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ३ माथि छलफल गर्दा आ व २०८१/ ८२ मा प्रारम्भिक बालविकास कार्यक्रमका लागि बार्षिक नीति तथा कार्यक्रम संगै प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत रु १० लाख बजेट विनियोजन भएको र सो वजेटले निज बालविकास अधिकृत स्तर लाई तलव भत्ता तथा बार्षिक कार्यक्रमका लागि वजेट अपुग हुने भएको हुँदा निजलाई गाँउपालिका वाट ५० प्रतिशत र पोशाक भत्ता उपलब्ध गराउने बाकी थप ५० प्रतिशत रकम सेतो गुरास राष्ट्रिय बालविकास सेवा तथा यूनिसेफ नेपाल लाई अनुरोध गर्ने र यस भन्दा पछाडिको समयमा आवश्यक परेको खण्डमा प्रारम्भिक बालविकास कार्यविधि २०८० र प्रारम्भिक बालविकास रणनितिलाई आधार मानि बालविकास संयोजक अधिकृत स्तर को व्यवस्थापन गर्ने भनि निर्णय सर्वसमिति वाट पारित गरियो ।